# आर्थिक वर्ष २०८२/८३ को

# नीति तथा कार्यक्रम

## त्रिपुरासुन्दरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सल्यानटार,धादिङ

आगामी आर्थिक वर्ष २०८२/८३ को लागि यस त्रिपुरासुन्दरी गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुतिकरण कार्यक्रममा उपस्थित हुनु भएका गाउपालिकाका उपाध्यक्ष ज्यू !

सभाका सचिव ज्यू !

गाउँसभा सदस्य ज्यूहरू !

शाखा प्रमुख ज्यूहरु !

सुरक्षाकर्मी तथा पत्रकार मित्रहरू !

बिभिन्न सरकारी तथा गैरसरकारी संघ/संस्था एवं कार्यालयका प्रमुख एवं प्रतिनिधि ज्यूहरू !

गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी मित्रहरू तथा आम गाउँवासी आमाबुवा,दाजुभाई तथा दिदीबहिनीहरू !

सर्वप्रथम यस कार्यक्रममा उपस्थित हुनुहुने सम्पूर्णमा मेरो व्यक्तिगत तर्फबाट एवं समग्र गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत सहितको न्यानो अभिबादन व्यक्त गर्न चाहन्छु । साथै आजको यस महत्वपूर्ण घडीमा देशका विभिन्न परिवर्तनकारी आन्दोलन,जनआन्दोलन,जनयुद्ध तथा मधेश आन्दोलनहरुमा आफ्नो महत्वपूर्ण जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भाबपूर्ण श्रद्धान्जली अर्पण गर्दै घाईते तथा अपाङ्गहरूप्रति सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

संबैधानिक रुपमा व्यबस्था भएको तिन तहको सरकार मध्य जनताको घरदैलोको सरकारको रुपमा स्थापीत स्थानीय सरकारको जननिर्बाचित गाउँ प्रमुखको रुपमा चौथो वर्षको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने यो सुनौलो अवसर प्राप्त भएकोमा म अत्यन्तै हर्षित भएको छु ।

हामीले विगत आर्थिक वर्षमा तय गरेका नीति तथा कार्यक्रमहरु उपलब्धिमुलक रहेको मैले महसुस गरेको छु । हामीले विगतका वर्षहरुमा उपलब्ध सीमित स्रोतको अधिकतम उपयोगबाट साना–ठुला गरी कैंयौं आयोजना तथा कार्यक्रमहरु सञ्चालन गरी समग्र गाउँपालिकालाई विकासको गतिमा अगाडि बढाउने प्रयासमा हरबखत लागि परेको र आगामी वर्षमा पनि सोहि बमोजिम दृढ संकल्पका साथ लागि पर्ने प्रतिबद्धता व्यक्त गर्दै तपाई सम्पुर्ण गाउँबासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुको सल्लाह,सुझाब र मार्गदर्शन अनुरुपनै आगामी गाउँ बिकासको खाका तय गरिने कुरा जानकारी गराउन चाहन्छु ।

समृद्ध गाउँपालिका निर्माणका लागि दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्दै नेपालको संविधान, सोह्रौ योजना,संघीय सरकार र प्रदेश सरकारले अघि सारेका प्रस्तावित नीति तथा कार्यक्रमहरू आदिलाई ध्यानमा राखि उपलब्ध स्रोत साधनको उचित तवरबाट उच्चतम उपयोग गर्दै विकासको गतिलाई तिब्र एवं मापनयोग्य हुने गरी अगाडि बढाउन हामी हाम्रा घोषणा पत्रका घोषित प्रतिबद्धतालाई अनुसरण गर्दै गाउँपालिकाको ''आवधिक रणनीतिक विकास आयोजना तथा मध्यमकालिन खर्च संरचना'' तत्काल निर्माण तथा संसोधन गरेर गाउँवासीको वर्तमान अवस्थालाई विश्लेषण गर्दै गाउँबासीकै आवस्यकता र चाहना परिपूर्तिमा निरन्तर लागि पर्ने व्यहोरा पनि अवगत गराउन चाहन्छु ।

आजको यस महत्वपूर्ण घडीमा त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँसभा प्रमुखको हैसियतले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम सगौरब प्रस्तुत गर्दै गर्दा प्रस्तावित कार्यक्रमहरुलाई आगामी दुई बर्ष भित्र क्रमिक रुपमा पूरा गराउन हरसम्भव प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्दै आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम सिलसिलेवार रुपमा प्रस्तुत गर्दछु :-

## १. आर्थिक विकास

क) कृषि तथा पशु विकास सेवा

- "हराभरा त्रिपुरासुन्दरीको आधार, विस्तृत सिचाई सहितको पूर्वाधार" भन्ने अभिप्रायका साथ आवस्यक संरचनाहरु योजनाबद्ध ढंगले निमार्ण गरिनेछ ।
- माग र सम्भाव्यताका आधारमा कृषिजन्य उत्पादनको पकेट क्षेत्र निधारर्ण गरी उपलब्ध स्रोत,साधन र उन्नत प्रविधिलाई एकिकृत गरि परियोजनात्मक ढंगले परिचालन गरिनेछ ।
- कृषकहरुलाई उत्पादनको आधारमा अनुदान र उत्पादित वस्तुको बजारीकरणको लागी कृषि एम्बुलेन्स संचालन गर्न आवश्यक पहल गरिनेछ । साथै गाउँपालिका भित्र संचालित कृषि सहकारीहरूसंगको समन्वयमा गाउँपालिकास्तरिय हाट बजार संचालनमा ल्याईनेछ ।
- गाउँपालिकाको भुगोल,हावापानी र वातावरण सुहाउदो वाली नालि तथा पशुपंक्षी प्रवर्धनका लागि पकेट क्षेत्रको रूपमा कार्यक्रमहरू संचालन प्रक्रिया अगाडि वढाईनेछ ।
- उचित तालिम र सहजिकरणका माध्यामबाट Low Volume, High Value जन्य वाली प्रबर्द्धन गरी बजारीकरणमा विशेष जोड दिईनेछ ।
- चार "म" प्राङ्गगारिक मल, माटो, मास र मौरीलाई उच्च प्राथमिकताका साथ प्रबर्धन गर्ने नीति अख्तियार गरिनेछ ।
- "दिवा खाजामा रैथाने बाली,एक विद्यालय एक करेसा बारी" अभियान अन्तर्गत गाउँपालिका भित्रका सामूदायिक विद्यालयमा वितरण हुदै आएको दिवा खाजामा रैथाने बालीका परिकार अनिबार्य गरिनेछ । साथै एक विद्यालय एक करेसावारीको नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिकाभित्र व्यावसायिक रुपमा खाद्यन्न बाली, नगदे बाली र मसला बाली उत्पादनमा बृद्दि गरी खाद्य सुरक्षामा जोड दिइनेछ ।
- भूगोल, हावापानी र माटो सुहाउदो व्यावसायिक कृषि प्रवर्धन मार्फत तरकारी तथा फलफूल उत्पादनमा आत्मनिर्भर बनाई बजारीकरणको लागि पहुच विस्तार गरिनेछ ।
- गाउँपालिका भित्र रहेका रैथाने बालीहरु जस्तै घैया धान, चैते धान, मकै, कोदो, तिल,भट्टमास, स्थानीय गोलभेंडा, लसुन आदिको संरक्षण तथा प्रबर्धन गरिनेछ ।
- कृषि मेला, प्रर्दशनी तथा कृषिसंग सम्बन्धित विभिन्न दिवसहरु मनाउने कार्यलाई निरन्तरता दिदै कम लागतमा उत्पादन बढाउन परम्परागत कृषि प्रणालीलाई आधुनिकिकरण,व्यावसायिकरण र वैज्ञानिकीरण गर्दै लगिनेछ ।
- गाउँपालिकाका सबै वडाहरुमा फलफूल ,तरकारी तथा वनस्पतिजन्य जडिबुटिहरुको नर्सरी स्थापना गरी कृषकहरुलाई सहज रुपमा विरुवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- कृषकहरुलाई सहज रुपमा खाद्यन्न तथा तरकारीका बिउ विजन उपलब्ध गराउन बिउ उत्पादन क्षेत्र निर्धारण गरी पालिका स्तरमा बिउ बैंकको स्थापना गर्न आवश्यक प्रक्रिया अघि बढाइनेछ ।
- वांझो तथा खेर गएको जमिनको उपयोग गर्दै गाउँपालिकाभित्रै स्वरोजगार प्रवर्धन गर्न व्यावसायिक रुपमा सामूहिक तथा सहकारी खेती विस्तारको लागि प्रोत्साहन गरिनेछ ।
- त्रिपुरासुन्दरीको सान बिषादीमुक्त खानपान भन्ने अभियानका साथ रासायनिक मल तथा विषादि प्रयोगलाई निरुत्साहित गर्दै प्राङ्गारीक एवम् जैबिक मल र विषादि उत्पादन तथा प्रयोगमा जोड दिई आकस्मिक बाली संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषिलाई व्यावसायिक एवम् उत्पादनमूलक बनाउन विभिन्न क्षमता विकासका तालिमहरु संचालन गरिनेछ ।

- मौरी पालन तथा च्याउ खेति प्रर्वधनका कार्यक्रमहरू अगाडी वढाईनेछ ।
- उत्पादन तथा रोपणमा आधारित प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिदै थप प्रभावकारी वनाईनेछ ।
- संघीय तथा प्रदेश सरकारको सहकार्यमा पशु विमा तथा पशु पवर्धन कार्यक्रम संचालन गरिनेछ ।
- मौसमी तथा वेमौसमी तरकारी खेतिको लागि चाहिने आधारभूत पूर्वाधारहरु जस्तैः थोपा सिंचाई, स्प्रीङकल तथा साना सिंचाई जस्ता प्रविधिहरुको प्रवर्धन मार्फत उत्पादित तरकारीहरूको बजारीकरणमा सरकारी एवं गैर सरकारी संघ/संस्था तथा सहकारीहरुसंग आवस्यक समन्वय गरिनेछ।
- व्यावसायिक कृषि उत्पादन तथा बजारीकरणका लागि सहुलियत कृषि कर्जा प्रवाह गर्न सहकारी, बैंक तथा अन्य वित्तिय संस्थाहरुसंग आवस्यक समन्वय गरिनेछ ।
- कृषि सम्बन्धी जानकारी,प्रचार प्रसार,जनचेतना तथा कृषकका समस्या एवम् गुनासाहरुको सम्बोधन र प्राविधिक परामर्शको लागि पालिका स्तरीय कृषक कल सेन्टरको प्रयोगलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाभित्र विषादि प्रयोगमा न्यूनिकरण तथा सुरक्षित कृषि उत्पादन प्रवर्धन गर्न विषादि एवम् रासायनिक मलको प्रयोगमा प्राविधिकको सिफारीस अनिबार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
- कृषि जन्य उत्पादनको विषादि परिक्षण प्रयोगशाला स्थापना गर्न प्रदेश र संघ सरकारसंग आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका स्तरमा निर्मित  माटो परीक्षण प्रयोगशाला संचालनमा ल्याईनेछ ।
- जलवायु परिवर्तनसंग अनुकुलन हुने गरि कृषि उत्पादन तथा प्रर्वद्धनमा जोड दिइनेछ ।
- कुखुरा  तथा माछा पालन कार्यलाई व्यबसायिक बनाउन प्रोत्साहन गरिनेछ ।
- पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण एवं न्यूनीकरणमा विशेष जोड दिईनेछ ।
- कृतिम गर्भधारणको माध्यमबाट नश्ल सुधार गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- गाउँपालिकाभित्र कम्तिमा एक दूध डेरी स्थापना गरी संचालनमा ल्याउन विभिन्न कृषि सहकारी संस्थाहरुसंग आवश्यक समन्वय र साझेदारी गरिनेछ ।
- प्रत्येक वडामा कृषि तथा पशु विकास सेवा संचालनका लागि एक वडा एक प्राविधिकको अवधारणा कार्यान्वयन गरिनेछ ।

ख) पर्यटन क्षेत्र

- गाउँपालिकाभित्रको सम्पूर्ण धार्मिक, सांस्कृतिक तथा दृष्याअवलोकनका क्षेत्र र पर्यटकीय पदमार्गहरुको पहिचान गरी गाउँपालिकालाई पर्यटकीय पदमार्गको रूपमा विकास गर्न आवस्यक कार्य अघि बढाइनेछ ।
- नृसिंहधाम मन्दिर देखि स्फटिक खम्बा, श्री सुन्दरीमाई मन्दिर हुदै त्रिपुरासुन्दरी माई मन्दिर तथा खहरे आँखुसाँघु नागथान गणेशथान र सल्यानवेसी मन्दिर सम्मको पदयात्राको लागि सम्भाव्यता अध्ययन गरी राष्ट्रिय मान्यता प्राप्त पद मार्गको रुपमा  विकास गर्न आवस्यक पहल गरिनेछ ।
- सप्तसति धार्मिक पर्यटकीय पदमार्ग तथा सिउरेनी गुम्वा एवं लामा नाच क्षेत्रको प्रवर्धनका लागि आवस्यक पहल गरिनेछ ।
- गाउँपालिका घुम्न आउने पर्यटकहरुको सहज यात्राका लागि पर्यटक सूचना केन्द्र, चिन्ह तथा सूचनापाटिहरू आदिको उचित व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाको सम्भावित पर्यटकीय स्थलहरूलाई लक्षित गरि घरबास(होम स्टे) कार्यक्रम अगाडी वढाईनेछ ।

- गाउँपालिकाभित्र रहेका धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण र सम्बर्दन कार्यको सुरुवात गरिनेछ ।
- गाउँपालिकास्तरमा नियमित रुपमा साहित्यिक कार्यक्रमहरु आयोजना गर्दै साहित्य ,कला,संस्कृति तथा सांगीतिक आदि क्षेत्रमा साधनारत व्यक्तित्वहरुको बारेमा अभिलेखीकरण गरिनेछ ।
- आन्तरिक तथा वाह्य पर्यटन प्रबर्द्धन तथा बजारीकरणका लागि संस्कृतिक महोत्सबको आयोजना गरिनेछ ।

ग) सहकारी

- गाउँपालिकाभित्र संचालनमा रहेका सहकारी तथा वित्तीय संस्थाहरुलाई उत्पादनमूलक क्रियाकलापहरुसंग जोड्न आवस्यक पहल गरिनेछ । साथै “गाउँगाउँमा सहकारी, घरघरमा भकारी" भन्ने नारालाई आधार बनाई पालिकाभित्रका सवै नागरिकहरुलाई सहकारीमा आवद्ध गराउन प्रोत्साहन गरिनेछ ।
- सहकारीहरुलाई अनुगमन र नियमन गर्नका लागि गाउँपालिकामा छुट्टै सहकारी हेर्ने शाखाको व्यबस्थापन गरिनेछ ।
- सहकारी तथा वित्तीय संस्थाहरुको तथ्यांक संकलन, डाटाबेस निर्माण तथा अध्याबधिक गरिनेछ ।
- मानव संसाधन बिकास अन्तर्गत सहकारी क्षेत्रमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुलाई क्षमता अभिबृद्दीको लागि प्रशिक्षण तथा अभिमुखीकरण तालिम संचालन गरिनेछ ।

घ) उद्योग तथा बाणिज्य

- गाउँपालिकाभित्र उद्धमशिलता विकास कार्यक्रम मार्फत आयमुलक कार्यको थालनी गरिनेछ ।
- स्वरोजगार उद्यमीहरूले उत्पादन गरेका उपजहरूको बजार सुनिस्चितताको आवस्यक व्यबस्था मिलाउन पहल गरिनेछ ।
- व्यापारिक फर्म, पसल दर्ता अनुमति, नवीकरण तथा खारेजीको सहज ब्यबस्था मिलाइनेछ ।
- गाउँपालिका भित्र संचालनमा रहेका उद्योग, व्यापार, ब्यबसाय तथा प्रस्तिस्ठानहरुको तथ्यांक संकलन गरि प्रभाबकारी बजार अनुगमनको ब्यबस्था मिलाइनेछ ।

ङ) प्रधानमन्त्रि रोजगार कार्यक्रम

- स्थानीय तहमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्नका आवस्यक प्रवन्ध मिलाईनेछ ।
- गाउँपालिकाभित्र रहेका बेरोजगारहरुको अभिलेखीकरण तथा बर्गिकरण गरी श्रम तथा रोजगार बैंक संचालन मार्फत श्रम शक्ति र रोजगारदातालाई जोड्न आवस्यक पहल गरिनेछ ।
- गाउँपालिकाभित्र वेरोजगार रहेका युवा जनशक्तिहरूलाई गाउँपालिकामा सुचिकृत भएको निस्साका आधारमा प्राथमिकिकरण गरि न्युनतम रोजगारी कार्यक्रममा सहभागि गराईनेछ ।
- गाउँपालिकाबाट बैदेशिक रोजगारमा संलग्न हुन जाने जनशक्तिहरूलाई लक्षित गरि पेशाको सुरक्षा एवं सरक्षणको लागि सुरक्षित आप्रवासन कार्यक्रम संचालन गरिनेछ ।
- बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृती र पुनः श्रम स्वीकृती दिने कार्यलाई निरन्तरता दिईनेछ ।

- गाउँपालिकाभित्र सिर्जना हुन सक्ने सम्भावित रोजगारका क्षेत्रहरू पहिचान गरि अवसरहरुको नक्सांकन र अभिलेखांकन गरिनेछ ।
- रोजगार संबाद मन्च संचालन साथै स्थानीय रोजगार रणनीति अध्यावधिक गर्दै लगिनेछ ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसंग सहकार्य र समन्वयमा जोड दिइनेछ । साथै स्वरोजगारमुलक कार्यमा संग्लग्न हुन स्थानीय युवा उद्धमीहरुलाई प्रोत्साहित गरिनेछ ।
- नगदमा आधारित आर्थिक सहायतालाई निरुत्साहित गर्दै **सिपका लागि सहायता** कार्यक्रम अघि बढाईनेछ ।
- गाउँपालिकाभित्र हालसम्म पनि गरिवीको रेखामुनी रहेका विपन्न परिवारहरूलाई लक्षित गरि आयआर्जनमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

च) संस्कृति प्रबर्द्धन

- दराई, कुमाल,माझी मगर तामाङ गुरुङ लगायतका पालिकाभित्र बसोबास गर्ने आदिवासी समुदायको भाषा,कला, सस्कृती र बैभव उत्थान गर्न आवस्यक व्यवस्था मिलाईनेछ ।
- परम्परागत सीप र पेशालाई आधारमा बनाई जीविकोपार्जनमा संलग्न दलित तथा जनजाती समुदायका व्यक्तिहरूलाई लक्षित गरि सीप हस्तान्तरण एवं पुस्तान्तरणका लागि प्रोत्साहन गरिनेछ ।
- लोप हुन लागेका कला साहित्य तथा अन्य सस्कृतीको संरक्षणका लागि आवस्यक प्रवन्ध मिलाईनेछ।
- धार्मिक तथा सांस्कृतिक स्थलहरुको दर्ता अभिलेखिकरण तथा प्रचारप्रसार  कार्य अगाडी वढाईनेछ।

## २. सामाजिक बिकास

क) शिक्षा युवा तथा खेलकुद

- सबै शिक्षक तथा कर्मचारीहरुको तलब मासिक रुपमा निकासा गरिनेछ। साथै शिक्षकको पेशागत क्षमता विकास सम्बन्धि तालिम तथा अन्य कार्यक्रमहरू संचालन गरिनेछ ।
- **परम्परागत सीप हस्तान्तरण र पुस्तान्तरण** मार्फत विद्यार्थीहरूलाई स्वावलम्वी बनाउन आवस्यक सीप विकासका कार्यक्रमहरू संचालन गरिनेछ ।
- कक्षा १ ,२ र ३ को सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख पुस्तिका, प्रति शिक्षक  एक शैक्षिक योजना डायरी र  शिक्षक लग बुकको व्यबस्था गरिनेछ ।
- कक्षा ११-१२ मा पालिका अनुदान मार्फत पूर्ण नि:शुल्क शिक्षा र स्नातक तहमा गरिब तथा आवश्यकताको आधारमा लक्षित समुहलाई निशुल्क शिक्षाको व्यवस्था मिलाईनेछ ।
- अनाथ, असहाय तथा जोखिममा रहेका वालवालिकाहरुका लागि छात्रवृत्ति कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय पाठयक्रम संशोधन एवं पाठ्यपुस्तक लेखन तथा छपाईलाई प्राथमिकता दिई सहज रूपमा पाठ्यपुस्तक उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरूमा रहेका बाल क्लवहरूको क्षमता विकास गर्दै पालिका स्तरमा समेत वाल क्लव गठन गरि विद्यालय शिक्षालाई बालमैत्री, श्रृजनशील, सहज र सुलभ बनाइनेछ ।
- गाउँपालिका भित्रका विद्यालयहरुको नक्सांकन, शिक्षक विद्यार्थी अनुपात, शैक्षिक गुणस्तर समेतको अध्ययन गरी विद्यालय समायोजन एवं एकिकरण, कक्षा अवन्नती तथा शिक्षक दरवन्दी मिलान गरिनेछ ।

- सामुदायिक विद्यालयको शिक्षण सिकाईलाई गुणस्तरीय वनाउन खुल्ला सार्वजनिक सुनुवाई, शैक्षिक सरोकारवालाहरुसँग आवश्यक परामर्श तथा बालबालिकाहरुको वास्तविक समस्या पहिचान गर्न र उनीहरुको आवाजलाई जनप्रतिनिधि सम्म पुर्याउन "**विद्यार्थी तथा अभिभावक संग जनप्रतिनिधि"** कार्यक्रम तय गरिनेछ ।
- विद्यार्थीहरुमा रहेको अन्तर्निहित प्रतिभा प्रष्फुटन गराउन खेलकुदका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । पालिकास्तरीय र जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमको खर्च पालिकाबाट व्यबस्था गरिनेछ ।
- शिक्षकहरुलाई शिक्षण कार्य सुधार र अनुभव साटासाट गर्न आन्तरिक सरुवाको व्यवस्था गरिनेछ ।
- सबै तहका शिक्षकहरुका लागि कार्यमूलक अनुसन्धान गर्ने व्यवस्था मिलाई उत्कृष्ट कार्यमूलक अनुसन्धान गर्ने शिक्षकलाई उचित सम्मानको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका विद्यालयहरूलाई मूल्याङ्कनको आधारमा Idol School घोषणा गरि प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो पेशाप्रति जिम्मेवार बनाउन नतिजाको आधारमा पुरस्कार र दण्डको व्यवस्थालाई कार्यान्वयन गरिनेछ ।
- विद्यार्थीहरुका लागि पालिकास्तरमा विभिन्न अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ ।
- अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिदै अभिभावक शिक्षा समेत संचालन गरिनेछ ।
- संस्थागत विद्यालयले प्रदान गर्दै आएको १० प्रतिशत छात्रवृति गाउँपालिकाको सिफारिसमा मात्र उपलब्ध गराउनुपर्ने नीति अबलम्बन गरिनेछ । शैक्षिक सुधार अभियानमा संस्थागत विद्यालय सँग समेत समान रुपमा सहकार्य गर्ने अभ्यासलाई निरन्तरता दिइनेछ ।
- शिक्षण पेशामा स्थानीय जनशक्ति भित्राउने उदेश्य सहित शिक्षक सेवा आयोग तयारि कक्षाहरु संचालन गरिनेछ ।
- शिक्षामा सूचना तथा संचार प्रबिधिको प्रयोग गर्दै असहज परिस्थितिमा पनि बैकल्पिक तवरले शैक्षिक गतिबिधिहरु संचालन गर्ने परिपाटीको विकास गरिनेछ ।
- विभिन्न कारणले शिक्षाको मुलधारमा समाहित हुन नसकेका बिद्यालय उमेरका बालबालिका तथा प्रौढहरुलाई आवश्यकता र क्षमता अनुसार अनौपचारिक शिक्षाका कार्यक्रमहरु संचालन गरि जीवन पर्यन्त शिक्षाको अवसर सिर्जना गरिनेछ ।
- शिक्षाको गुणस्तर सुधार गर्नका लागि बिद्यालय अनुगमन, निरीक्षण र पृष्ठपोषण कार्यलाई निरन्तरता दिईनेछ।
- विद्यार्थीहरूलाई स्वावलम्बी र स्वरोजगार उन्मुख बनाउन विद्यालयस्तमा नै सिक्दै कमाउदै कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा वितरण हुदै आएको दिवा खाजा कार्यक्रममा जंकफुडलाई विस्थापित गर्ने नीति अवलम्बन गरिनेछ ।

ख) लैङ्गिक समानता र सामाजिक समावेशीकरण

- लैङ्गिक हिंसा, घरेलु हिंसा, शोषण, मानव बेचबिखन, विभेद तथा दुर्व्यबहारलाइ शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ ।
- जेष्ठ नागरिकमा भएको ज्ञान, सीप र अनुभवलाई नयाँ पूस्तामा हस्तान्तरण गर्न नीति निर्माण, अनुसन्धान तथा बौद्धिक ज्ञान विस्तारका क्षेत्रमा जेष्ठ नागरिकहरुलाई सहभागी गराईने नीति अवलम्बन गरिनेछ ।

- बालअधिकार र बालसंरक्षणलाई सुनिश्चित गर्न बालक्लब र बाल संजालहरु गठन,पुनर्गठन तथा प्रशिक्षणको ब्यबस्था गरिनेछ ।
- बालबिबाह अन्त्यका लागि **सामुदाय परिचालन कार्यक्रम** संचालन गरि बालबिबाह मुक्त गाउँपालिका निर्माणमा यथोचित पहल गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुको क्षमता अभिवृद्दी कार्यक्रम संचालन गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुको लागि अपाङ्गमैत्री पुर्बाधार निर्माणमा जोड दिईनेछ।
- महिला, वालवालिका तथा जेष्ठ नागरिक एवं अन्य लक्षित समुहहरूको लागि उपाध्यक्षसंग लक्षित समुह विशेष कार्यक्रम संचालन गरिनेछ ।
- जनयुद्का घाईते, वेपत्ता तथा सहिद परिवारहरूलाई लक्षित गरि आयआर्जनमुखी क्रियाकलापमा जोड दिईनेछ । साथै निजका वालबालिकाहरुलाई मुलप्रवाहिकरण गर्न विशेष सहुलियतका कार्यक्रमहरु संचालन गरिनेछ ।
- दलित समुदायको सशक्तिकरण एवं मुल प्रवाहिकरणका लागि लक्षित समुह विशेष कार्यक्रम संचालन गरिनेछ ।

ग) युवा तथा खेलकुद

- अन्तर वडा तथा अन्तर पालिका स्तरीय खेलकुद प्रतियोगिताहरू संचालन गरिनेछ ।
- युवामा प्रबिधि एबम परम्परागत सिपको आधुनिकीकरण गरि पेशाको व्यवसायीकरण गर्ने र स्वरोजगार मुलक कार्यमा सहुलियत प्रदान गरिनेछ ।
- जिल्लास्तरीय वा प्रदेश स्तरीय प्रतियोगितामा समेत प्रतिस्पर्धामा जान सक्ने क्षमतावान् खेलाडीहरुलाई प्राथमिकताका साथ प्रोत्साहन गरिनेछ ।

घ) स्वास्थ्य

- आधारभूत स्वास्थ्यसेवालाई निशुल्क ,सर्वसुलभ र गुणस्तरीय बनाइने छ ।
- स्वास्थ्य सस्थाहरुको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन न्युनतम सेवा मापदण्डलाइ उच्चप्राथमिकताका साथ लागु गरिने छ ।
- **"स्वास्थ्य सुरक्षाको लागि बिमा "** भन्ने नाराका साथ स्वास्थ्य बिमा कार्यक्रमलाई आंसिक सहायता दिई थप प्रभावकारी ढंग बाट संचालन र बिस्तार गरिने छ ।
- आत्महत्याको बढ्दो दरलाई न्यूनीकरण गर्न मनोसामाजिक परामर्श सेवाको बिस्तार र प्रबर्धन गर्दै लगिने छ ।
- नियमित खोप तथा सरसफाई कार्यक्रमलाई प्रबर्धन गर्दै खोप अभियानलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।
- बालबालिका तथा किशोर किशोरी हरुमा बढ्दै गइरहेको कुपोषणको दरलाई न्यूनीकरण गर्न बहु क्षेत्रिय पोषण कार्यक्रमको अबधारणा विकास गरी संचालन गरिने छ । साथै growth monitoring support program लाइ निरन्तरता दिइनेछ।
- स्वास्थ्य आपत्काल ,महामारिजन्य तथा कीटजन्यरोगहरुको रोकथाम,नियन्त्रण ,पूर्व तयारी र प्रतिकार्यकोलागि पालिका तथा वडा स्तरमा निगरानी र ब्यबस्थापन प्रणालीलाई सुदृढीकरण गर्दै लगिने छ ।
- सुरक्षित मातृत्व, बाल स्वास्थ्य,किशोर किशोरी तथा जेस्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रमलाई उच्च प्राथमिकताका साथ संचालन गरिने छ ।

- "**मेरो स्वास्थ्य मेरो जिम्मेवारी**" नारा सहित नसर्ने ,दीर्घ रोगहरुको रोकथाम र नियन्त्रण सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।
- महिलाको प्रजनन स्वास्थ्यलाइ विशेष प्राथमिकता राखी मातृ तथा बालस्वास्थ्य सेवालाई थप सुदृढ बनाइने छ |
- महिलाहरुको पाठेघरको मुखको क्यान्सर,स्तन क्यान्सर र आङ् खस्ने लगायत समस्याहरुको पहिचानका लागि screening camp संचालन गरिने छ ।
- स्वास्थ्य सेवामा सबैको पहुँचकालागि टेलिमेडिसिन सेवाको सुरुवात गरिने छ।
- सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको "सल्यानटार अस्पताल" मा रुपान्तरण गरी सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाउन आबस्यक जनशक्ति र औजार उपकरणको व्यवस्था मिलाइने छ | साथै 'सुलभ फार्मेसी ' कार्यक्रम संचालन गरिने छ ।
- रेबिज vaccine को आपूर्तिलाई सहज बनाइने छ ।
- स्वास्थ्य कार्यक्रमको तथ्यांक ब्यबस्थापनलाइ प्रबिधिमैत्री बनाइ थप ब्यबस्थित गरिने छ ।
- **घरमा हुने सुत्केरी लाई शुन्यमा झार्न** संस्थागत सुत्केरी सेवालाई प्रभावकारी बनाउन उचित कदम चालिनेछ ।
- गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाहरूमा ल्याव सेवा समेत थप गरि स्वास्थ्य संस्थाहरू मार्फत हुने सेवा प्रवाहको दायरा वढाउन आवस्यक पहल गरिनेछ।

## ३. पूर्वाधार विकास

क) भवन तथा शहरी विकास

- भौतिक विकास गुरुयोजना अनुसार भू-उपयोग नक्सा र प्लानिङ नियमन (जोनिङ एण्ड बिल्डिङ बाइलज्) तयार गर्ने नीति अवलम्वन गरिनेछ ।
- "सन्तुलित शहरी विकास" नीतिलाई अङ्गीकार गर्दै पूर्वाधार सुधार गर्ने नीति लिईनेछ ।
- गाउँपालिका भित्रका वस्तिहरूलाई थप व्यबस्थित र एकिकृत वनाउन एकिकृत वस्ति विकास योजना कार्यान्वयनमा ल्याईनेछ ।
- ऐतिहासिक महत्व राखेको संस्कृतिक सम्पदाहरुको संरक्षण, प्रबर्द्धन र निर्माणका लागि प्रदेश तथा संघीय सरकारसंग आर्थिक सहयोगका लागि पहल गरिनेछ ।

ख) खानेपानी तथा सरसफाई

- स्रोतमा नै फोहोरको वर्गिकरण तथा पुनः प्रयोग एवं पुनः चक्रण कार्यलाई सघन रूपमा अघि वढाईनेछ।
- पालिकाक्षेत्रभित्र हुने फोहोर मैलाको उचित एवं दिगो व्यबस्थापन कार्यका लागि ल्यान्ड फिल्ड साईड निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।
- आधारभूत खानेपानी तथा सरसफाई सेवाबाट बन्चित क्षेत्रमा खानेपानी तथा सरसफाईका कार्यक्रम प्राथमिकताका साथ संचालन गरिनेछ ।
- **एक घर एक धारा नीति** लाई निरन्तरता दिंदै सम्भावित स्थानहरुमा रिजर्भ ट्यांकी निर्माण गरि स्वच्छ खानेपानी उपलब्धताको सुनिश्चितता गरिनेछ।

- पूर्ण सरसफाई उन्मुख गाउँपालिका निर्माणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- खानेपानी मुहान दर्ता कार्यलाई कडाइका साथ लागु गरिनेछ ।
- खानेपानी मुहान संरक्षण कार्यक्रम संचालन गरि एकिकृत खानेपानी कार्ययोजना कार्यान्वयन गरिनेछ ।

ग) उर्जा, बैकल्पिक उर्जा

- लघु जलविद्युत परियोजना र ग्रामिण तथा नवीकरणीय उर्जा प्रबर्द्धनको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

घ) सिंचाई

- पानीको श्रोत कम भएको स्थानमा प्लास्टिक पोखरी निर्माण तथा थोपा सिंचाई प्रबिधिबाट सिंचाईको प्रबन्ध मिलाइनेछ ।

ङ) सडक, पुल तथा झोलुंगे पुल

- ग्रामिण यातायात गुरुयोजना (RTMP) पूर्णरुपमा कार्यन्वयनमा ल्याउन बजेट बिनियोजन गरि अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- सिमा जोडिएका पालिकाहरूको समानान्तर हितका लागि साझेदारीमा संचालन हुने पूर्वाधार निर्माणका कार्यक्रमहरुलाई भगिनी सम्झौता गरि संचालनमा ल्याईनेछ ।
- सडक निर्माणमा दिगोपना ल्याउनका लागि बायो-इन्जिनियरिङमा आधारित रही साइड ड्रेन निर्माण, वृक्षारोपण जस्ता कार्यक्रम संचालनमा ल्याइनेछ ।
- हरेक वडामा वडा कार्यालयसंग जोडिएको सडकलाई नमुना सडकको रुपमा विस्तार गरि पक्की सडकको रूपमा स्तरोउन्नती गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- पूर्बाधार निर्माणको क्रममा स्थानीय सभ्यता,सस्कृती तथा सम्पदामा हुन सक्ने क्षतीलाई शुन्य सहनशीलताको नीति लिई बाताबरणमा न्युनतम क्षति हुनेगरी आर्थिक प्रतिफल आउने सुनिश्चित गरेर मात्र भौतिक पूर्वाधार निर्माण गर्ने ब्यबस्था मिलाइनेछ ।
- झोलुंगे पुलको अति आवश्यक क्षेत्रमा गैर सरकारी संस्थासंग समन्वय गरि कार्यक्रम माग गरिनेछ ।
- उपभोक्ता समिति एवं ठेक्का मार्फत संचालन हुने सबै प्रकृतिका आयोजना एवं कार्यक्रमहरूमा सामुहिक अपनत्व विकासका लागि वडा कार्यालयसंग उचित समन्वयको प्रवन्ध मिलाईनेछ ।

**४. बाताबरण तथा विपद ब्यबस्थापन**

- वन बिनाश न्युनिकरण तथा आगलागी नियन्त्रण कार्यका लागि सचेतना कार्यक्रम संचालन गरि सबै गाउँवासीहरुलाई सचेत गराइनेछ ।
- वर्षातको समयमा हुने जल उत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न जोखिमयुक्त स्थानहरु पहिचान गरि तारजाली तथा वृक्षारोपणका माध्यमबाट नियन्त्रणका कार्यहरु गरिनेछ ।
- प्राकृतिक प्रकोप तथा माहामारीको अवस्थामा तत्काल राहत सहयोग उपलब्ध गराउन विपद ब्यबस्थापन कोषलाई निरन्तरता दिई थप व्यबस्थित बनाईनेछ ।

- विपद पूर्वतयारी तथा प्रतिकार्य योजना अनुरूप संभावित जोखिमको न्युनिकरण गरिनेछ ।
- बन, जलाधार एबम प्राकृतिक स्रोतको तथ्यांक अद्यावधिक गरि दुरुस्त राखिनेछ।
- सामुदायिक तथा कबुलियति बन क्षेत्रहरुमा तुलनात्मक रुपमा लाभ हुने उच्च मूल्यका जडिबुटी र बन अनुकुल फलफुल रोपण तथा गैर काष्ठ बन पैदावारको खेति लगाउन प्रोत्साहन गरिनेछ ।
- सार्वजनिक महत्वका क्षेत्रहरू एवं बाटो तथा सडक आसपासका सुकेका,मक्किएका तथा जीर्ण बोटविरूवाहरूको उचित व्यबस्थापनका लागि सम्बन्धित निकायसंग आवस्यक समन्वय गरिनेछ ।

**५. सुशासन तथा संस्थागत विकास**

क) सूचना, प्रबिधि तथा अभिलेख ब्यबस्थापन

- गाउँपालिकाका सूचना,सन्देश, जानकारी तथा गतिबिधिहरु वेबसाइट, मोबाइल एप्लिकेसन र सामाजिक संजाल मार्फत गाउँवासीहरुले सहज रूपमा जानकारी प्राप्त गर्ने प्रबन्ध मिलाइने छ ।
- गाउँसभा तथा कार्यपालिकाले बनाएका स्थानीय निर्णयहरुको सार्बजनीकरण गर्दा स्थानीय राजपत्रमा प्रकाशन गरि वा वेबसाइट तथा सूचनापाटीं र अन्य सफ्टवेयर माध्यम मार्फत सार्बजनिक गरिनेछ ।

ख) सुशासन, मानब संसाधन, विकास र सेवाप्रबाह

- जनतासंग जनप्रतिनिधि कार्यक्रम संचालन गरि सरकार र नागरिक विचको सम्बन्ध थप प्रगाढ बनाउन आवस्यक कार्य गरिनेछ ।
- नागरिक वडापत्र अद्यावधि गरि सेवा प्रवाहलाई सुनिश्चितता प्रदान गर्न प्रत्येक वडामा डिजिटल बडापत्र, डिजिटल सुचना पार्टी प्रयोगमा ल्याइनेछ ।
- कर्मचारीहरुलाई कार्यसम्पादन मुल्यांकनको आधारमा दण्ड र पुरस्कारको ब्यबस्था गरिनेछ । साथै जनप्रतिनिधि सम्मानको कार्यक्रम अगाडि बढाईनेछ ।
- निर्बाचित जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासमा विशेष जोड दिइनेछ साथै जनप्रतिनिधि तथा कर्मचारीहरु बीच टिम बिल्डिङका कार्यक्रमहरू संचालन गरिनेछ ।
- गाउँका गतिविधिहरु गाउँबासी समक्ष पुर्याउन स्थानीय राजपत्र र गाउँ बुलेटिन प्रकाशन गर्दै लगिनेछ ।
- गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुको सहभागितामूलक, दिगो तथा अपनत्व बोध गराउन सार्बजनिक सुनुवाई, सामाजिक परिक्षणजस्ता कार्यलाई निरन्तरता दिईनेछ I
- लैंगिक समानता र सामाजिक समावेशीकरण (GESI) रणनीति अनुसार जातीय, क्षेत्रीय र लैंगिक भेदभावमुक्त समतामूलक समुदाय र न्यायपूर्ण समाज निर्माणमा जोड दिइनेछ ।
- वित्तीय जोखिम मुल्यांकन (FRRAP) गरि गाउँपालिकामा विद्यमान वित्तीय जोखिमलाई न्यूनीकरण गरिनेछ ।
- मध्यमकालीन खर्च संरचनाबाट सार्बजनिक खर्चको प्रक्षेपणलाई यथार्थपरक र बस्तुनिष्ठ बनाइनेछ I
- राष्ट्रसेवक कर्मचारीलाई प्रदान गरिने सेवा सुबिधालाई समय सापेक्ष बनाउन नेपाल सरकारले लिएको नीति अनुरुपको व्यवस्था मिलाइनेछ ।
- अन्तर तह तथा अन्तर निकाय साझेदारी तथा समन्वय मार्फत सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरूलाई अनुशासित बनाई सिकाई प्रति थप प्रेरणा जगाईनेछ ।

- प्रविधि मैत्री पालिका निर्माणका लागि गाउँपालिकाको डिजिटल भिलेज प्रोफाइल निर्माण कार्य सम्पन्न गरिनेछ ।

ग) सुरक्षा ब्यबस्थापन

- अखाद्य पेय पदार्थहरूलाई निरूत्साहित गर्दै मदिरा तथा मदिराजन्य पदार्थहरूको बिक्रि वितरण कार्यलाई ब्यबस्थित बनाइनेछ ।
- सुरक्षा निकायसंग आवस्यक समन्वय गरि गाउँपालिकाभित्रको शान्ति सुरक्षालाई थप प्रभावकारी बनाईनेछ।

घ) न्याय सम्पादन

- न्यायिक समितिमा परेका उजुरीहरुलाई सकेसम्म मेलमिलापको माध्यमबाट निरुपण गर्ने नीति लिइनेछ । साथै आवश्यकता अनुसार स्थानीय मेलमिलाप कर्ता थप गरिनेछ।
- हालसम्म बनेका सम्पूर्ण कानुन तथा कार्यविधिहरुलाई समिक्षा गरि आवस्यक संम्सोधन सहित एकिकृत कानुन संग्रह निर्माण गरिनेछ ।
- न्यायिक समीतिमा प्राप्त उजुरीहरुलाई यथासम्भब छिटो किनारा लगाइनेछ ।
- हिंसा पिडित महिला, एकल महिला, भिन्न क्षमता भएका व्यक्ति दलित बालबालिका र जेष्ठ नागरिकमा न्यायमा शिघ्र पहुँच पुर्याउन आवश्यक ब्यबस्था मिलाइनेछ ।
- न्यायिक समितिको कार्यबोझमा कमि ल्याउन वडाको बिबाद सकेसम्म वडास्तर मै मिलाई सबै मेलमिलापकर्तालाइ आवश्यक थप क्षमता अभिबृद्धि तालिम तथा भ्रमणको ब्यबस्था मिलाई मेलमिलाप केन्द्र ब्यबस्थापनमा जोड दिईनेछ ।
- आवाज विहिनहरुको आवाज बुलन्द पार्दै न्यायमा समान पहुच स्थापित गर्न जनता संग अदालत कार्यक्रम संचालन गरिनेछ ।

ङ) अन्तिम लेखापरिक्षण तथा बेरुजु

- साविक गाउँ विकास समितिको समय देखि नै रहेका पेश्की तथा बेरुजु रकमहरु नियमित गर्ने कार्यमा बिषय बिज्ञको समेत राय सल्लाह लिई पुरानो पेश्की, बेरुजु फछर्यौट तथा सम्परीक्षण कार्यलाई निरन्तरता दिईनेछ।
- गत आ.व.का बेरुजुहरु नियमित गर्नुपर्नेलाइ नियमित गरि असुलउपर गर्नुपर्ने खालका बेरुजुहरु सम्बन्धित व्यक्ति तथा संघसंस्थाहरु संग नियमानुसार असुलउपर गराइनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुले समयमा नै पेश्की तथा बेरुजु फछर्यौट नगरेमा पारिश्रमिक तथा तलबभत्ताबाट समेत असूलउपर गर्ने नीति लिइनेछ ।

च) लेखांकन तथा राजस्व परिचालन

- कर तथा शुल्क दस्तुरको नयाँ क्षेत्र समेत पहिचान गरि करको दायरा फराकिलो बनाइनेछ ।
- संचित कोषमा संकलित राजस्वलाई आवश्यकता र औचित्यको आधारमा पूर्ण: मितव्ययिता अपनाई गाउँवासीको उच्चतम हितमा प्रयोग गरिनेछ ।
- राजस्व संकलन तथा करदाताको अभिलेख ब्यबस्थित गर्न डिजिटल बिलिङलाई निरन्तरता दिईनेछ ।
- करदातालाई कर तिर्न प्रोत्साहित गर्न निश्चित समयमा आवश्यक छुट तथा सबै भन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने नीति लिइनेछ ।
- राजस्व संकलनको लागि कर शिक्षा कार्यक्रम संचालन गरी करमैत्री बाताबरण तयार गरिनेछ ।

- आर्थिक ऐनलाइ सम्सोधन गरि करको दर र दायरा विस्तार गर्ने तथा स्थानीय संरचना अनुकुल गैरकरका क्षेत्रहरुको पुनरावलोकन गरिनेछ ।
- आयोजना अनुगमन, सवारी अनुगमन तथा बजार अनुगमनलाई प्राथमिकता दिई कडाईका साथ थप प्रभावकारी बनाइनेछ । साथै अन्तरपालिका असल अभ्यास आदानप्रदानका लागि पदाधिकारी भ्रमणको व्यवस्था मिलाईनेछ ।
- सम्बन्धित करदाताको सम्पती मुल्यांकन यथार्थपरक बनाउन घर र बाटोको डिजिटल नक्सांकन गरि नियमित अद्यावधिक गर्ने ब्यबस्था मिलाइनेछ ।
- गाउँपालिका भित्रका सांस्कृतिक महत्वका पर्यटकीय स्थलहरु (जस्तै: नृसिंङ धाम, स्फटिक खम्बा, त्रिपुरासुन्दरी मन्दिर) आदिलाइ व्यबस्थित गरि कर संकलनमा टेवा पुग्ने बाताबरण तय गरिनेछ ।

छ) वित्तीय सुशासन तथा जोखिम न्यूनीकरण

- वित्तीय सुशासन कायम गर्न आम्दानि र खर्चलाइ पारदर्शी र मितव्ययि बनाइनेछ ।
- खरिद प्रक्रियालाइ प्रतिष्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउदै लगिनेछ ।
- आर्थिक क्रियाकलापहरुको मासिक, चौमासिक र बार्षिक विवरणहरु सूचना पार्टी, वेबसाइट साथै संचार माध्यमहरुबाट समेत प्रकाशित गरिनेछ ।
- समपुरक कोष तथा विपद् व्यबस्थापन कोषलाई निरन्तरता दिदै उपभोक्ता समितबाट संचालन हुने सबैखाले निर्माण कार्यहरूमा मर्मत संभार कोष कट्टी गरी संभावित जोखिम न्युनिकरण गरिनेछ ।
- आन्तरिक लेखापरीक्षण शाखाको गठन गरि कार्यसम्पादनलाई प्रभावकारी बनाईनेछ।

ज) सामाजिक परिक्षण

- बिषय बिज्ञहरु समेतको उपस्थितिमा छनौटमा परेका आयोजना, कार्यक्रम तथा स्वास्थ्य संस्थाहरुबाट हुने सेवा प्रवाह आदिको प्रभावकारीता सम्बन्धमा सामाजिक परिक्षण कार्य संचालन गरिनेछ ।
- गाउँवासी, जनप्रतिनिधि र कर्मचारी समेतको संलग्नतामा सामाजिक परिक्षणलाई सुनिश्चितता प्रदान गरिनेछ।

झ) सार्वजनिक सुनुवाई

- नियमित रुपमा सार्बजनिक सुनुवाईको आयोजना गरि राय सुझाव संकलन एवं जनगुनासोको यथाशिघ्र सम्बोधन गरिनेछ।
- सार्बजनिक सुनुवाईबाट प्राप्त हुन आउने सुझाबलाई कार्यान्वयन गर्न छुट्टै समिति गठन गरि सार्बजनिक सुनुवाईलाइ प्रभावकारी बनाइनेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रमको पूर्ण विवरण सबैले अध्ययन गर्न सहज पहुँच पुग्ने गरी अविलम्व यस गाउँपालिकाको वेवसाईड तथा फेसवुक पेजमा राख्ने व्यहोरा अवगत गराउदै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग प्रदान गर्नुहुन आम गाउँवासी आमाबुवा, दाजुभाई, दिदीबहिनीहरूमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद, नमस्कार/जय नेपाल !

**राजु उप्रेती**
**गाउँपालिका अध्यक्ष**